स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ५, अंक १७, २०७९ मंसिर २० मंगलवार (Jhuleni Post Weekly 6 Dec. 2022) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com

# जित खुसियाली साट्दै घरदैलोमा विजयी सांसदहरू



झुलेनी नेटवर्क

प्यूठान

प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा जितेका सांसदहरू मतदातालाई धन्यवाद दिन घरदैलोमा जुटेका छन् । यसअघि मत माग्दै घरदैलो र गाउँगाउँ पुगेका थिए। अहिले उनीहरू जितपछि धन्यवाद दिँदै र ५ वर्षका लागि योजना र सुझाव मागिरहेका छन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित एमालेका पोलीटव्यूरो सदस्य सूर्यबहादुर थापा क्षेत्रीले हिजोआज घरदैलो गर्ने काममा व्यस्थ रहेको जानकारी गराए । जिल्लाको मल्लरानी, गौमुखी, ऐरावती, माण्डवी गाउँपालिका, प्यूठान नगरपालिका, स्वर्गद्धारी नगरपालिकामा घरदैलोमा पुगेर खुसी साटासाट गरेको उनले जनाए। उनले एक दुई दिन भित्रै सबै स्थानीय तहरुमा घरदैलो गरेर सकिने बताए। प्रतिनिधिसभा सांसद चुनिएका थापाले कसरी जिल्ला भन्नेहरुलाई प्यूठानी जनताले जिताई दिएकोमा मतदातालाई धन्यवाद दिन मतदाताको घरदैलोमै पुगेको बताए। उनले विकासमा राजनीति नगर्न र गर्न नदिन मतदातालाई सचेत गराउदै आएका छन्। 'निर्वाचन अघिसम्म फरक पार्टीका थियौं। अब सबैको साझा व्यक्ति भइसक्यौं' उनले थपे।

प्रदेश १ का सांसद तुल्सीराम पोखेल पनि मतदाताको घरदैलोमै व्यस्त छन्। आफ्नो निर्वाचन क्षेत्रका मतदातालाई भेटेर आभार प्रकट गरिसकेको सुनाए। प्रदेश २ बाट चुनिएका सांसद शरोज थापा पनि मतदातासँगै जितको खुसियाली साटेर काठमाडौ पुगेका छन्।

उनले चुनावताका गरेका प्रतिबद्धता पूरागर्न पछि नहट्ने बताए। घरदैलोमा आएका सांसदलाई मतदाताले सुशासन, विकास निर्माण र आर्थिक अनियमितताविरुद्ध लाग्न आग्रह गरेका छन् । जितपछि सांसद भेट्न आएकोमा मतदाता उत्साहित छन्।

'अब जनप्रतिनिधि जनताको समस्यासँग एक भएर लाग्नुपर्‍यो। जितेपछि अर्को चुनावसम्म अनुहार नदेखाउने प्रवृत्तिको अन्त्य होस,'प्यूठान नगरपालिका ५ जुम्रीकाढाँमा किमबहादुर जिसीले भने।

## जीवनको रङ्ग

# भारतबाट फर्केर बाख्रापालनमा रमाउँदै युवा

झुलेनी नेटवर्क

प्यूठान

पुर्खाले गर्दै आएको चोयाँचित्रो ब्यवसाय छाडेर यहाँका युवाले व्यवसयिक बाख्रापालन गर्न थालेका छन्। प्यूठान नगरपालिका३ बिजयनगर डम्रेली बस्तीका युवा व्यवसायिक बाख्रापालनमा लागेका हुन् । स्थानीय बिके, टुकमान र सोभाराम सुनारले गाउँको पाखो बाँझिएको जमिन खरिद गरि घाँस लगाएर बाख्रापालन गर्नथालेका छन् । उनीहरुले केहिवर्ष भारतको मन्द्रास सहरको होटलमा काम गरेर कमाएको रुपैयाँ खोर निर्माण र जग्गा खरिदमा लगाएर बाख्रापालन थालेका हुन्।



फर्म सञ्चालनको लागि ५० रोपनी भन्दा बढी जग्गा जुटाएका छन् । बाख्राले मन पराउने घाँस किमु, कोइरालो, अम्रीसो, लगायत घाँस लगाएका छन् । खोर, जग्गा र बाख्रा खरिद गरि झण्डै ३० लाख रुपैयाँ बाख्रा फर्ममा लगानी भईसकेको सुनार दाजुभाई बताउँछन्।

'बाउ बाजेले गर्दै आएको चोयाँचित्रोको कामले गुजारा चलाउन समस्याले भारत पस्यौं,' विके सुनारले भने, 'केहिवर्ष उतै काम गरियो।' सधै घरपरिवार छाडेर बस्नुभन्दा आफ्नै जन्मभूमिमा दिगो काम गर्नुपर्छ भन्ने दाजुभाईको सल्लाहले बाख्रा पालनमा लागेको सुनारले बताए । भारतमा तीन भाइले ७ वर्ष काम गरेर कमाएको जति सबै रकम बाख्रापालनमा लगानी गरेको बिकेले बताए । केहिवर्ष पहिले अलग /अलग भएका एकै घरमा तीन भाइले संयूक्त लगानीमा फर्म खोलेका हुन् । उनीहरु तीनै भाइ ४० वर्ष मुनीका छन्।

बाँकी ५ पेजमा

## हाम्रो नजर

# गौमुखीले कृषि उपज खरिद गर्ने



*गौमुखी गाउँपालिकाले आफ्नो पालिका भित्रका विभिन्न ठाउँलाई कृषि उत्पादन पकेट क्षेत्र निर्माण गर्ने भएको छ । पालिका अनुसार कोदो, फापर, सुन कागती, केरा, भट्टमास, अम्बा, दाँते ओखर लगायतका पकेट क्षेत्र निर्माण गरिदैं छ । आलुको बिउ उत्पादन पकेट क्षेत्र भने सञ्चालनमा आइसकेको छ । आलुको विउ उत्पादन केन्द्र लुम्बिनी प्रदेशकै पहिलो भएको पालिका उपाध्यक्ष महावीर रानाले जानकारी दिए ।*

*पालिकाको विभिन्न क्षेत्र जस्तै जाँडगाउँमा सुन कागती २ हजार विरुवा रोप्ने, वागिलवाङमा दाँते ओखर २ हजार विरुवा, काफलबासा, फोर्सारवर्क, कल्ले, ठोत्रेसा, भेडाबारी, गाउँफाटा, बरबाङ्ग लगायतका गाउँहरुलाई समेटेर केराबारी बनाई २ हजार विरुवा रोप्ने, खुङ र लिवाङको केहि भुभागमा अम्बा २ हजार विरुवा रोपेर पकेट क्षेत्र निर्माण गारिदै छ भने लिवाङको बुट्टीचौरमा आलुको बिउ उत्पादन केन्द्र सञ्चालनमा आइसकेको छ । रैथाने वाली प्रवद्धनका लागि अर्खा र रजवाराका केहि उच्च भुभागहरुमा फापर वाली पकेट क्षेत्र बनाइने भएको छ तथा फापर, कोदो र भटमास सहितको पकेट क्षेत्र निर्माण गारिएको समेत राना बताए ।*

*पालिकाले, कृषकले उत्पादन गरेका सबै कृषिजन्य उत्पादनहरु खरिद गरि बजारीकरण गरिदिने नीति ल्याएको छ । कृषिजन्य उत्पादनहरुको मुल्य*

बाँकी ५ पेजमा

# भौका सडक कहिले होला सुधार



*प्यूठान नगरपालिका ४ बिजुवार स्थित भौका हुँदै मुख्य बजार प्रवेश गर्न भौका रोडमा यात्रा गर्ने यात्रु हिलो र धुलो, र चिप्लोले सधै हैरान छन । मुख्य सडक जाम हुँदा बैकल्पिक सडकको रुपमा प्रयोग, हुने सडक सुधारमा न स्थानीय सरकार, न सडक डिभिजन कार्यालय, न त सडक पूर्वाधार कार्यालयको नजर पुगेको छ । संघन सहरी तथा भवन निर्माण आयोजना र भवन कार्यालय दाङले समेत यो सडक सुधारमा ध्यान दिन सकेका छैनन् । जिल्लाको पुरानो व्यापारी केन्द्र, बिजुवारको पुरानो सडक निर्माण गर्ने भन्दै सरोकारवाला निकायले पटक पटक आएर नाप, नक्सा गरेपनि बजेट विनियोजन गरेर सडक सुधार गर्नतर्फ कसैको ध्यान नपुगेको स्थानीयको गुनासो छ । भौकाको पिपल रुखदेखि ओरालो क्षेत्र निकै अफठ्यारो छ । साना गाडिहरु गुड्न निकै समस्या भइरहन्छ । दर्जनौ यात्रु लडेका छन् । टारी क्षेत्रका घरहरुको नालीबाट आउने पानी भल, सडकमा यत्रछत्र बगदा सडक दिन प्रतिदिन जिर्ण भैरहेको छ । भौका देखि झिँमरुक खोला झेलुंगे पुलसम्म सडक कालोपत्रे गर्ने भनेर नाप ,नक्सा भएरपनि काम नभएको स्थानीय अजय थपलियाले गुनासो गरे । प्यूठान नगरपालिकाको मुख्य प्रशासनीक केन्द्र रहेको वडा क्षेत्र सबैको नजर पुग्ने सडकको हालत प्रति नगरपालिकाले कुनै चासो दिएको छैन् ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## राजधानी कार्यान्वयन गर ।

*ढिलै भए पनि लुम्बिनी प्रदेश सरकारले स्थायी राजधानी कार्यान्वायन गर्ने तयारी थालेको छ । अब प्रदेशसभाको पहिलो बैठक, शपथ र मुख्यमन्त्रीको निर्वाचन लगायतका कार्यक्रम गरेर स्थायी राजधानी कार्यान्वयनलाई पूर्णता दिने तयारी थालेको छ । जसका लागि प्रदेशसभा भवनमा आवश्यक तयारीका साथै अन्य पूर्वाधारमा पनि तयारी थालिएको छ । यही तयारी देखेर केही तत्वहरु अवरोध गर्न योजना बनाएको देखिन्छ । कर्मचारी संगठनको नाममा स्वार्थ समूहहरु सलबलाउन थालेका छन् । यसअघि पनि पटक-पटक विभिन्न स्वार्थ समूहबाट अवरोधको प्रयास हुँदै आएको छ भने नेपाल सरकारका केही मन्त्री धम्कीको भाषा बोल्न समेत तयार भएका छन् ।*

*जोसुकैले जेजस्ता धम्की र हर्कत गरे पनि स्थायी राजधानी व्यवस्थापन संविधान कार्यान्वयनको अंग भएकाले यसमा प्रदेश सरकार किञ्चित पछि हट्नुहुँदैन । लामो प्रयासपछि स्थायी राजधानी देउखुरीमा प्रदेशसभा भवन निर्माण भएको छ । योसँगै अब प्रदेशसभाको अधिवेशन स्थायी राजधानीमै राख्न सम्भव देखिएको छ । त्यसो त मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका अन्य मन्त्रालयहरुका लागि पनि राप्ती प्राविधिक शिक्षालय लालमटियाका भवनहरु खाली भएका छन् । संघीय सरकार मातहतको शिक्षालयको संरचना प्रदेश सरकारको मातहतमा आउनुका साथै शिक्षालय नदीपारि अलग्गै संरचनामा सरेपछि अब प्रदेश राजधानीका प्रशासनिक निकायहरु शिक्षालयका भवनहरुमा राख्न सकिने भएको छ । प्रदेशसभाको भवन तयार हुनु र राप्ती प्राविधिक शिक्षालयका भवनहरु खाली हुनुले प्रदेशसभा राजधानी कार्यान्वयन गर्ने वातावरण बनेको हो ।*

*२०७७ असोज २० गते प्रदेशसभाबाट प्रदेशको नाम लुम्बिनी र राजधानी राप्ती उपत्यका देउखुरीलाई तोकिएको थियो । संविधानअनुसार सार्वभौम प्रदेशसभाबाट निर्णय भई कार्यान्वयनको चरणमा रहेको प्रदेश राजधानी ब्यवस्थापनमा कुनै पनि बहानामा ब्यवधान उत्पन्न गर्न खोज्नु संविधान र सार्वभौम प्रदेशसभाको निर्णयविपरीत हो । भौतिक संरचना नभएकाले स्थायी राजधानीबाट कामकाज हुन नसकेको साँचो हो । तर अब प्रदेशसभा भवन बनिसकेको छ भने प्रदेश सरकार सञ्चालनका लागि आवश्यक संरचना खाली भइसकेका छन् । गत मंसिर ४ गते प्रदेशसभा निर्वाचन भएर नतिजा पनि सार्वजनिक भइसकेकाले अब प्रदेशसभाको पहिलो बैठकको तयारी स्थायी राजधानीबाटै हुनु स्वाभाविक मात्र होइन आवश्यक पनि छ । कतिपयले राजधानी सार्न खोजेको अर्थमा क्षेत्रीय द्वन्द्वको विषय बनाउन खोजेको देखिन्छ । राजधानी सार्न खोजेको बिल्कुल होइन । स्थायी राजधानी व्यवस्थापनको निर्णय संविधान कार्यान्वयनको अंग बनिसकेकाले यसलाई लागु गर्नु प्रदेश सरकारको स्वाभाविक दायित्व हो । अब कुनै बहानाबाजी गरेर फेरि पनि स्थायी राजधानी कार्यान्वयनलाई बिलम्ब गरियो भने त्यो सार्वभौम प्रदेशसभाको निर्णयविपरीत र अन्ततः संविधानकै प्रावधान विपरीत हुने भएकाले कुनै पनि नामका बहानाबाजी अस्वीकार गरेर प्रदेश सरकार अघि बढ्नु आवश्यक छ ।*

# सत्ता गठबन्धनको चुनावी विघटन



विमल पोखरेल

तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद् विघटन गरेपछि निर्माण भएको कांग्रेस, माओवादी, एकीकृत समाजवादीसहितको पाँचदलीय गठबन्धनको आमनिर्वाचन परिणाम आएसँगै दुःखद अन्त्य भएको छ । संसद्मा बहुमत ल्याउन असफल भएसँगै गठबन्धनको अन्त्य भएको हो ।

नेताहरूको चाहनाविपरीत चुनावमार्फत गठबन्धनको निर्ममतापूर्वक विघटन भएको छ । केन्द्रमा गठबन्धनभित्रका दलहरूको बीचमा भएको सहमति स्थानीय तहसम्म कार्यान्वयन हुन नसक्दा पनि गठबन्धन असफल हुन पुगेको हो । जनताको विकास, शिक्षा, स्वास्थ्य आदि अधिकारका सवालमा बेवास्ता गरेर सरकारले जनतामाथि गरेको ज्यादती र दादागिरीको अन्त्य भएको प्रतिक्रिया व्यापक बनेको छ। घण्टीको उदय सत्ताधारी दलहरूको नालायकीको परिणाम हो भन्ने कुरा छर्लङ्ग भइसकेको छ । मतपरिणाम हेर्दा घण्टीले नै सत्ताधारी गठबन्धनलाई डुबाएको देखिन्छ।

केपी ओलीले संसद् विघटन गरेपछि पाँचदलीय गठबन्धनका सांसदहरूको निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले संसद् ब्युँताइदिएपछि गठबन्धनले मूर्त रूप लिएको थियो । गठबन्धनले ओली अपदस्थ भएको उन्मादमा संविधानमै नभएको सरकार सञ्चालन गर्ने राजनीतिक संयन्त्रसमेत बनाएका थिए । रामचन्द्र पौडेल नेतृत्वमा सरकार सञ्चालन गर्ने संयन्त्र निर्माण गरिनु गैरसंवैधानिक मात्रै होइन, गैरराजनीतिक तमासा थियो ।

ओलीलाई असंवैधानिक काम गरेको आरोप लगाउने गठबन्धन सरकारले गरेका असंवैधानिक कामहरूको सूची लामै बनाउन सकिन्छ । ओली वा देउवा दुवैले गरेका निरंकुश, गैरसंवैधानिक कामहरूलाई समर्थन गर्न सकिँदैनथ्यो । गठबन्धन सत्तामा रहेका दलहरूको दादागिरी र बदनामीका कारणले चुनावमार्फत विघटन भएको हो । चुनावबाट नयाँ संसद्को गठन भएसँगै प्रतिगमन र अग्रगमन भन्दै बजाइएका गीतका धुनहरू पनि बन्द भएका छन् ।

### गठबन्धन उहिल्यै विघटन हुनुपर्ने थियो

देउवा सरकारले जबर्जस्ती राष्ट्रघाती एमसीसी परियोजना पारित गरेपछि पाँचदलीय गठबन्धनको औचित्य पूरै समाप्त भएको थियो । सुरुदेखि नै एमसीसीको विरोध गर्दै निरन्तर सडक आन्दोलनमा रहेका माओवादी र एकीकृत समाजवादीले रातारात रहस्यमय तरिकाले एमसीसी पारित गरेका थिए । कांग्रेसले एमसीसी परियोजनालाई जबर्जस्ती अगाडि बढाएपछि माओवादी र एकीकृत समाजवादीले गठबन्धन सरकार छोडेर बाहिर निस्किनुपर्ने थियो । तर, आफ्नो राजनीतिक लाइनलाई पूरै तिलाञ्जलि दिएर ती पार्टीहरू गठबन्धन सरकारमा बसिरहे । आफ्नो लाइनविपरीत एमसीसी पारित गरिएपछि तिनीहरूको सत्तास्वार्थको नालायकी मात्रै प्रकट भएन, पछिल्लो राजनीतिक पतन त्यहीँबाट सुरु भएको हो ।

संसद्बाट एमसीसी परियोजना र नागरिकता विधेयक पारित भएपछि सत्ताधारी गठबन्धन जनताको बीचमा निकै तिरस्कृत र बदनाम हुँदै गएको थियो । राष्ट्रघात सामान्य विषय होइन । राष्ट्रघातले देशको सार्वभौमसत्ता र अखण्डतामा गम्भीर प्रहार गर्छ ।

कांग्रेसले एमालेसँग मिलेर सरकारबाट गलहत्याउने डरले आफ्नै संलग्नतामा राष्ट्रघात गरेर पनि माओवादी र एकीकृत समाजवादी सरकारमा टाँसिनु देश र जनताका लागि निकै पीडादायी घटना हो । माओवादी र एकीकृत समाजवादीलाई देशको राष्ट्रियता र सार्वभौमसत्ताभन्दा गठबन्धन र सत्ता प्यारो लाग्नु निकै घिनलाग्दो दृश्य थियो ।

*"देउवा सरकारले एमसीसी र नागरिकता विधेयक पारित गरेपछि वामपन्थी दलका नेता/कार्यकर्ता आफ्नो पार्टीको मुद्दा लगेर जनताको बीचमा जानै सकेका थिएनन् भन्ने कुरा चुनावी परिणामले पनि पुष्टि गरेको छ।"*

एमसीसी पारित गर्ने समयमा संसद्मा देखिएका दृश्यहरू, माधव नेपाल, पुष्पकमल दाहाल आदि नेताले बोलेका कुराहरू निकै कुरुप र भद्दा थिए । इतिहासमा दर्ज भएका ती दृश्यहरूले माओवादी र एकीकृत समाजवादीलाई निकै लामो समयसम्म लखेटिरहनेछन् ।

प्रतिपक्षमा धकेलिएका केपी ओलीको डर देखाएर सरकारले गरेका जनघात, देशद्रोह, महँगी, भ्रष्टाचारको फड्के किनाराको साक्षी बनेर सरकारमा बस्नु वामपन्थी जनमतको धज्जी उडाउनु मात्रै थिएन, जनताबाट तिरस्कृत हुनु पनि थियो । दुई/चार थान नेताहरूको सत्तास्वार्थका लागि कार्यकर्ताले आफ्नो विवेकलाई बलि चढाएर जनताको बीचमा जान सक्ने स्थिति नै थिएन । निकै ठूलो हलचल ल्याएको एमसीसी र नागरिकता विधेयक पारित गरिनु सही हो भनेर वामपन्थी दलका एक जना कार्यकर्ता पनि जनताको बीचमा गएनन् । नेताहरूले आफ्नो सत्ता स्वार्थका लागि पारित गरे भन्दैमा एमसीसी विरोधको आन्दोलनमा आफैँले टाउको फुटाउने र आफैँले एमसीसी ठीक हो भनेर कार्यकर्ताले कसरी भनून् ?

आफ्नै पार्टीका नेताहरूले गरेको देशद्रोहलाई पिँधमा बसेर टुलुटुलु हेर्नुबाहेक कार्यकर्तासँग कुनै विकल्प थिएन । नेताहरूको बदमासीका कारण जनताका सामु कार्यकर्ता निरीह अवस्थामा थिए । तिनीहरूसँग कुनै जवाफ थिएन । आउँदै गरेको चुनावमा आफ्नो पार्टी पराजित हुने डरले कार्यकर्ता चुप लागेर बसेका थिए । कार्यकर्ताले जेनतेन पार्टीका नेताहरूलाई साथ दिए पनि जनताले साथ छोडेको कुरा चुनावमार्फत प्रकट भएको छ ।

देउवा सरकारले एमसीसी र नागरिकता विधेयक पारित गरेपछि वामपन्थी दलका नेता/कार्यकर्ता आफ्नो पार्टीको मुद्दा लगेर जनताको बीचमा जानै सकेका थिएनन् भन्ने कुरा चुनावी परिणामले पनि पुष्टि गरेको छ । लामो समयसम्म मौन बसेका जिल्ला र गाउँ तहका नेता/कार्यकर्ताहरू टिकट पाएका नेताहरूलाई जिताउनका लागि मन नलागीनलागी भोट माग्न गएका थिए । त्यतिबेलासम्म स्थितिमा धेरै परिवर्तन आइसकेको थियो । एमालेले आफ्ना सारा बदमासी र कमजोरीहरू लुकाउँदै गठबन्धनका बदमासीहरूलाई जनताको बीचमा फेहरिस्त सार्वजनिक गर्दै गएको थियो ।

गठबन्धनका नेताहरू बालुवाटारमा सिट बाँडफाँटमा व्यस्त हुँदै गर्दा एमालेका नेता/कार्यकर्ताहरूले गठबन्धनविरुद्धमा नारा लगाउँदै गाउँगाउँ चहारिरहेका थिए । गठबन्धन सरकारको नालायकी र बदमासीका कारण एमालेले जनताको सहानुभूति बटुलिरहेको थियो । एमसीसी र नागरिकता विधेयकमा हस्ताक्षर गरेर चुनावमा उठेका गठबन्धनका नेताहरू जनताको बीचमा बदनाम भएका थिए । निकै छोटो समयमा तिनीहरूको साख फर्किन सक्ने स्थिति थिएन । संगठनको निकै पकड भएका ठाउँबाट मात्रै गठबन्धनका नेताहरूले चुनाव जितेका छन् ।

चुनावमा जानका लागि गठबन्धन दलका नेता/कार्यकर्तासँग जनताले पत्याउने खालका कुनै योजना, नीति, कार्यक्रम र आवश्यक खजना थिएनन् । जनताको बीचमा गठबन्धनको चुनावी प्रचार र राजनीतिक व्यवहार 'सुनभन्दा कम छैन, हराएमा डर छैन' भन्ने नक्कली गहनाको विज्ञापनजस्तै थियो । बदनाम सरकारको प्रतिरक्षा गर्ने स्थितिमा गठबन्धनमा सामेल वामपन्थी दलका नेता/कार्यकर्ता थिएनन् । जनतालाई आडभरोसा दिने कुनै योजना थिएनन्, तिनीहरू पूरै निरीह थिए । नेताका कुरा जनताले पत्याएकै थिएनन् । चुनावी कार्यक्रममा गठबन्धनमा संलग्न पार्टीकै कार्यकर्ता उपस्थित हुँदैनथे, भए पनि निकै कम मात्रै उपस्थित भएका थिए । यसले के देखाउँछ भने आफ्नै नेताहरूप्रति कार्यकर्ताको ठूलो वितृष्णा थियो ।

### ठगबन्धनमा परिणत भएको गठबन्धन

महँगी, भ्रष्टाचार र आर्थिक मन्दीले देश निरन्तर ओरालो लागेको थियो । देशका जटिल समस्याप्रति गठबन्धन सरकार उदासीन थियो । सरकारले एमसीसी र नागरिकता विधेयक पारित गरेपछि देशका लागि ठगबन्धन प्रमाणित भएकै थियो । किनभने कांग्रेस, माओवादी र एकीकृत समाजवादीले आफैँले पारित गरेको एमसीसी र नागरिकता विधेयक देखाएर एउटा पनि भोट मागेनन् ।

*"आगामी पाँच वर्ष कम्तीमा २-३ वटा सरकार बनेर नेताहरूको प्रधानमन्त्री र मन्त्री बन्ने इच्छा पूरा हुनेबाहेक देशले कुनै नयाँ चीज प्राप्त नगर्ने निश्चितजस्तै छ।"*


यदि एमसीसी देशको हितमा हुन्थ्यो भने नेताहरूले त्यही देखाएर भोट माग्ने थिए । सत्ताधारी दलका नेतालाई राम्रोसँग जानकारी छ कि हामीले जनतालाई झुक्याएका छौँ, ठगेका छौँ । आफूले गरेको ठगीलाई लुकाएको भए पनि जनतालाई देखाउने कुनै

**बाँकी ६ पेजमा**

# अब सरकार कसको, संसद कस्तो ?

***'देउवा, ओली र प्रचण्डका लागि राजनीतिक विश्रामको योभन्दा उचित मौका अर्को हुनेछैन ।'***





कृष्ण खनाल

चुनाव सकियो। परिणाम थोरै भए पनि हलचलदायी भएको छ। रवि लामिछानेको नेतृत्वमा केही महिनाअघि मात्र बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थापित पुराना पार्टी कांग्रेस र कम्युनिस्टलाई काठमाडौं उपत्यका र चितवनमा पछाडि धकेल्यो, अरू कतिपय निर्वाचन क्षेत्रमा कडा प्रतिस्पर्धामा उत्रियो र मुलुकको राजनीतिमा चौथो शक्तिका रूपमा उदाएको छ।

मधेशमा जनमत र नागरिक उन्मुक्तिजस्ता नयाँ पार्टी पनि आएका छन्। समग्रमा यथास्थितिको राजनीतिप्रति मतदाता असन्तुष्ट छन्, नयाँ नेतृत्व र अग्रसरता चाहन्छन् भन्ने स्पष्ट सन्देश यो चुनावले दिएको छ। साथै राजावादी शक्तिका रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पनि यस पटक उपस्थिति देखाउन पाएको छ। रास्वपाले प्रदेश खारेजी र राप्रपाले राजतन्त्रको मुद्दा उठाए पनि चुनावी मत गणतन्त्र लगायत संविधानका आधारभूत मूल्यविरुद्ध छैन। सत्ताका खेलाडी थपिएका छन्, यद्यपि राजनीति मूलतः नेपाली कांग्रेस र नेकपा एमालेकै प्रभुत्वमा छ। नवनिर्वाचित संसद्को कार्यकाल, गतिविधि र सरकारको स्वरूप पनि यिनैवरिपरि ध्रुवीकृत हुने निश्चित छ। एकाध पात्रको परीक्षाबाहेक नयाँपनको अनुभूति गर्न सकिने सम्भावना भने ज्यादै न्यून छ।

पहिले सरकारकै कुरा गरौं। सरकार बनाउन प्रतिनिधिसभामा बहुमत चाहिन्छ। कुनै एक दलको मात्र बहुमत हामीले अपनाएको चुनाव पद्धतिमा असम्भव त नभनौं, सहज छैन। दुई वा सोभन्दा बढी दल मिले मात्र बहुमत बन्छ। यो चुनावमा कसले बहुमत ल्याउने र सरकार बनाउने भन्नेमा दुई विकल्प थिए। एकातिर कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चाको पाँचदलीय अर्थात् सत्ता गठबन्धन थियो भने अर्कातिर एमाले, जसपा, राप्रपा र राप्रपा नेपालको चारदलीय विपक्षी गठबन्धन। सिट बाँडफाँटमा कुरा नमिलेपछि मनोनयन दर्ताको पूर्वसन्ध्यामा जसपा सत्ता गठबन्धनबाट अलग्गिएर एमाले गठबन्धनमा पुग्यो भने लोसपा सत्ता गठबन्धनमा। चुनावमा केही अपवादबाहेक यिनै दुई गठबन्धनबीच नै मुख्य प्रतिस्पर्धा भयो। कांग्रेस नेतृत्वको गठबन्धनले सबैभन्दा बढी सिट जितेको छ, तथापि बहुमतका लागि दुई-तीन सिट नपुग हुने स्थिति छ। सीके राउत नेतृत्वको जनमत पार्टीले सत्ता गठबन्धनलाई साथ दिने भएपछि एमाले नेतृत्वको गठबन्धनले सरकार बनाउने सम्भावना अहिलेलाई रहेन। सरकारको स्वरूप कस्तो हुन्छ भन्नेमा प्रतिनिधिसभाको गणित मात्र पनि निर्णायक नहुन सक्छ; राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, प्रदेश सरकारको नेतृत्व लगायतका विषयले प्रभाव पार्ने निश्चित छ।

चुनावका बेला एमालेले मात्र प्रस्टसँग अध्यक्ष केपी ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको थियो, तर परिणाम त्यस अनुकूल भएन। सत्ता गठबन्धनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आफैंले मुख फोरेका थिए, 'फेरि प्रधानमन्त्री हुने रहर छ' भनेर। बहालवाला भएकाले शेरबहादुर देउवा बोलेनन्, न प्रचण्डको प्रतिवाद नै गरे। उनका सहयोगीहरूले देउवा नै प्रधानमन्त्री हुने हुन् भनिरहे, अहिले पनि भन्दै छन्। चुनाव अभियानका बेला प्रधानमन्त्री बन्छु भनेर जसले दाबी गरे पनि स्वाभाविक मानिन्छ। त्यो प्रचार रणनीति हो। प्रमुख प्रतिस्पर्धी दलहरूले चुनाव अभियानको नेतृत्व र चुनावपछि सरकारको नेतृत्व गर्ने व्यक्तिबारे खुलस्त पार्न सक्नुपर्छ। तर हाम्रा चुनावहरूले लोकप्रिय नेतृत्व चयन गर्ने ठाउँ नै पाएका छैनन्। दलभित्रको गुट नै नेतृत्वको निर्णायक आधार बन्दै आएको छ। चुनावपछि प्रधानमन्त्री को हुने भन्नेमा अलमल र विवाद अनपेक्षित हो।

चुनावमा अन्तर्निहित मतदाता-सन्देशलाई बुझ्ने हो भने देउवा, ओली र प्रचण्डले तीनै जना फेरि प्रधानमन्त्री बन्ने खेलमा लाग्नुभन्दा विश्राम लिएर नयाँ नेतृत्वका लागि बाटो खुला गरिदिए हुन्छ। यो चुनाव परिणामले तीनै जनाको राजनीतिक उचाइ बढाएको छैन, बरु घटाएको छ। माथि-माथि सत्ता फेरबदलको खेलमा रमाउने प्रचण्डको नेतृत्व खुला चुनावी प्रतिस्पर्धाका लागि पटकपटक अक्षम प्रमाणित भइसकेको छ। त्यस्तोलाई नेतृत्वको गतिशीलता भन्न मिल्दैन। माओवादीको पार्टीगत हैसियत प्रचण्डको छायाभन्दा बढी देखिएन। ओलीको नेतृत्वले अघिल्लो संसद्मा न बहुमत जोगाउन सक्यो, न विभाजनपछि पनि संसद्मा सबैभन्दा ठूलो दल रहेको एमालेको त्यो हैसियत रहने भयो। समानुपातिकमा केही मतले पहिलो छौं भनेर दाबी गर्नुको कुनै तुक छैन। वास्तवमा उसले सात प्रतिशत लोकप्रिय मत गुमाएको छ, जुन सामान्य होइन। यस्तै, कांग्रेसले प्रत्यक्षतर्फ सिट बढाएर सबैभन्दा ठूलो दल भए पनि यसले एमालेकै हाराहारीमा समानुपातिक मत गुमाएको छ। दुवै दलले समानुपातिकतर्फ पहिलेभन्दा ६ सिट कम पाउने निश्चित छ। यसको जिम्मेवारी नेतृत्वमा बस्नेहरूले लिनैपर्छ। यी तीनै जनाका लागि राजनीतिक विश्रामको योभन्दा उचित मौका अर्को उपलब्ध हुनेछैन।

प्रधानमन्त्रीका लागि सत्तारूढ गठबन्धनमा कांग्रेस र माओवादी दुवैको दाबी छ। दुई दलबीच आलोपालोको कुरा पनि छ। सबैभन्दा ठूलो दलको हैसियतमा सरकारमा कांग्रेसको नेतृत्व स्वाभाविक मानिन्छ, तर गठबन्धनको ठूलो साझेदार दल माओवादी पनि भएकाले पूरै पाँच वर्ष कांग्रेसले मात्र सरकारको नेतृत्व गर्ने कुरा जायज होइन। माओवादीले पनि सरकारको नेतृत्व गर्ने पालो पाउनुपर्छ भन्ने दाबीलाई उपेक्षा गर्न मिल्दैन। तर प्रचण्ड र देउवाकै निरन्तरतामा आलोपालो प्रधानमन्त्रीको पनि कुनै तुक छैन। गठबन्धनमा सत्ता साझेदारी स्वाभाविक हो; यो स्वस्थ, पारदर्शी र विवेकसम्मत हुनु आवश्यक छ। त्यसो भएमा गठबन्धन पनि विश्वसनीय र टिकाउपूर्ण हुनेछ, र अपेक्षित गठबन्धन संस्कृतिको विकास हुन सक्छ। तर यहाँ विश्वासको संकट छ, धोकाका आशंकाहरू छन्। पहिलो बाजी मार्नु नै सफलता र आफू टिक्ने आधार मानिन्छ। त्यही दुर्घटनाको सिकार भयो माओवादी-एमाले सहयात्रा। तुलनात्मक रूपमा कांग्रेस-माओवादी सहयात्रा बढी विश्वसनीय साबित भएको छ। यदि विश्वासिलो वातावरण बनाउने हो भने संसदीय दलमा नयाँ नेतृत्वसहित आउन सके पहिलो पालो माओवादीलाई दिनु उपयुक्त हुन्छ। नेपाली कांग्रेसमा पनि नेतृत्व हस्तान्तरण सहज हुनेछ, युवा पुस्तामा नेतृत्व आउने सम्भावना बढ्छ। दोस्रो पालोमा कांग्रेसले सरकारको नेतृत्व गर्दा गगन थापा प्रधानमन्त्री हुन सके राम्रै हुन्छ। यद्यपि यसै पटक गगन प्रधानमन्त्री बनून् भन्ने लोकप्रिय चाहना देखिन्छ।

संसदीय प्रणालीमा दलभित्र प्रधानमन्त्री को हुने भन्ने विवादको निरूपण गर्ने थलो सम्बन्धित पार्टीको संसदीय दल हो। पार्टीमा मतदाताको लोकप्रिय समर्थन प्रतिनिधित्व गर्ने अंग पनि संसदीय दल नै हो। कांग्रेसमा यो अभ्यास स्थापित पनि छ। संसदीय दलमा बहुमत समर्थनको संकट भए प्रधानमन्त्रीले राजीनामा गर्नुपर्छ। त्यही कारणले २०५६ सालमा संसद्मा कांग्रेस पार्टीको एकल बहुमत छँदाछँदै कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। कम्युनिस्ट पार्टीमा त्यो अभ्यास संस्थागत हुन सकेको छैन। गत संसदीय कालमा खारेज भएको तत्कालीन सत्तारूढ नेकपामा ओली नेतृत्वमाथि त्यति चर्को विवाद हुँदा पनि यो मुद्दा कहिल्यै संसदीय दलमा लगिएन, माथिल्ला नेताहरूको पौंठेजोरीमा सीमित भयो। यहाँ अर्को विचारणीय पक्ष पनि छ, नेतृत्व भनेको बहुमतको प्राविधिकता मात्र पनि होइन; यो त टेक्ने आधारसम्म हो, मुख्य कुरा पार्टीमा एकता हो। एकता कायम गर्न नसक्ने नेताले पद छोडेर तल ओर्लनुपर्छ। तर हामीकहाँ पार्टीभन्दा व्यक्ति-नेतालाई ठूलो मान्ने दास प्रवृत्ति छ।

कांग्रेस र एमाले पहिलो र दोस्रो दल तथा माओवादी तेस्रो दल भएको अवस्थामा सरकार फेरबदलको साँचो प्रचण्डले निकै घुमाए। यस पटकको संसद्मा त्यो भूमिकामा उनीसँग समानान्तर खेल खेल्न सक्ने (किङमेकर) हैसियत रास्वपाका रवि लामिछानेको पनि छ। तर अलगअलग भूमिकामा यिनले पनि त्यो खेल निर्णायक बनाउन सक्ने स्थिति छैन। 'हरूवा गोरुको छेरुवा दाउ' भनेजस्तै वाम एकताको कुरा पनि सुनिन्छ। तर छिमेकीको चलखेलबाहेक यो कार्ड खोटो प्रमाणित भइसकेको छ। नेपालको राजनीतिमा को वाम, को दक्षिण भनेर वर्गीकरण गर्नुको कुनै तुक छैन; सबै छासमिस छन्। त्यस्तै, कुन गठबन्धन पवित्र र कुन अपवित्र हो भनेर कोट्याउनुको पनि कुनै आधार छैन। संविधानका आधारभूत मूल्य र प्रक्रियामा टेकेर आवश्यकता र उपयोगिताका आधारमा दीर्घकालीन दलीय गठबन्धन एवं सत्ता साझेदारीको अभ्यास गर्न सकिन्छ। केही व्यक्तिका स्वार्थका कारण घरीघरी समीकरण बदल्ने जुन प्रवृत्ति छ, त्यसलाई रोक्न सके यो संसद्मा हालको सत्ता गठबन्धन र विपक्षी गठबन्धनले सन्तुलन एवं स्थिरता पाउन सक्छ। यसले संसद् र सरकार दुवैलाई व्यवस्थित बनाउँछ एवं राजनीतिमा केही सुधारको आशा पनि जगाउनेछ। यो चुनाव परिणामको सबैभन्दा सकारात्मक र अधिकतम उपलब्धि पनि त्यही हुनेछ। प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल संविधानमै निश्चित छ र त्यसलाई सर्वोच्च अदालतको फैसलाले पुनर्पुष्टिसमेत गरिसकेको छ। सायद यस पटक विघटनको दुर्घटना नदोहोरिएला। मुख्य चुनौती संसद्ले कसरी आफ्नो कामलाई व्यवस्थित र स्तरीय किसिमले सम्पादन गर्ने भन्ने हो। संसद्लाई जीवन्त बनाउने काम सत्तापक्ष र विपक्ष दुवैको हो। तर २०४८ सालदेखि नै हाम्रो संसदीय अभ्यासमा सत्तापक्ष अन्तर्कलहको सिकार र विपक्ष रमिते एवं अवरोधकको भूमिकाभन्दा माथि उठ्न सकेको छैन। विधेयकहरूमा गुणात्मक बहस हुँदैन। २०४८ सालदेखि निरन्तर र दशकौं सांसद भएका मानिस छन्, तर तिनले कुनै विषयविज्ञता स्थापित गर्न सकेका छैनन्। त्यस्तो विज्ञता स्थापित गर्न सके त्यो सांसदले बोल्न थालेपछि सत्तापक्ष र विपक्ष दुवै सावधानी र धैर्यसाथ सुन्न बाध्य हुन्छन्। पछिल्लो समयमा प्रदीप गिरिले केही हदसम्म त्यो हैसियत बनाएका थिए। तर उनको कुरा सबैले प्रशंसा त गर्थे, कसैले मान्दैनथे। गएको संसद्मा गगन थापाको प्रस्तुति विषयगत र राजनीतिक दुवै हिसाबले जोडदार थियो। कांग्रेस विपक्षमा छँदा उनले धर्म थामेका थिए, विपक्षी दलको नेता भनेर देउवालाई संसद्मा देख्नै पाइन्नथ्यो। उनी प्रधानमन्त्री ओलीको छाया नै थिए। प्रधानमन्त्री भएपछि पनि संसद्मा उनको प्रस्तुति नाम मात्रको थियो, महत्त्वपूर्ण मुद्दामा गगनले नै सरकारी प्रस्तावको वजनदार प्रतिरक्षा गर्थे।

यस पटक संसदीय व्यवहारमा केही सुधार र गुणस्तर आशा गर्ने ठाउँ देखिन्छ। केही नयाँ अनुहार र पार्टी आएका छन्। नागरिक उन्मुक्ति पार्टीका बारेमा अहिले केही भन्न सकिन्न। थरुहट आन्दोलन र आकांक्षा यसको आधार भए पनि रेशम चौधरीमाथि वञ्चितिको प्रतिरोध वा लेनदेनमा यो केन्द्रित हुन सक्छ। रेशमको पारिवारिक छायाबाट यसका सांसद कति मुक्त हुन सक्छन्, परीक्षामै छ। सीके राउतको जनमत र रवि लामिछानेको रास्वपाहरूले केही नयाँपन र गुण दिन सक्छन्, यदि सत्ताको फोहोरी खेलबाट मुक्त रहन सके भने। राम्रो प्रतिपक्षका लागि संसद्मा धेरै सिट चाहिँदैन। सीकेले सत्ता गठबन्धनलाई सघाउने र सरकारमा सहभागी हुने भनेका छन्। यसले सत्ता गठबन्धनको स्थिरतालाई सुनिश्चित गरेको छ। तर सरकारमा सहभागी भएर चुनावमा अभिव्यक्त मधेशी चाहना कति सम्बोधित हुन्छ, विचारणीय छ। सरकारलाई बाहिरबाट समर्थन गरेर पनि संसद्मा स्वतन्त्र भूमिका खेल्न सकिन्छ। ओली नेतृत्वको विपक्षले संसद्लाई कुनै अर्थपूर्ण योगदान दिने विश्वास गर्न सकिन्न, सत्ताको फोहोरी खेलमा समीकरण तोडफोडबाहेक।

रास्वपाले सुशासन र सुधारका मुद्दा लिएर आएको छ। प्रदेशको खारेजी र प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन यसले उठाएका नयाँ मुद्दा हुन्। हुन त यी दुइटै नयाँ विषय होइनन्। प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनको कुरा दुई दशकअघिदेखिको हो। सरकार बनाउन र कायम राख्न बहुमत जुटाउने समस्या सर्वाधिक रहेको अवस्थामा संविधानमै संशोधन आवश्यक पर्ने विषयमा संसद् प्रवेश गर्ला भनेर अपेक्षा गर्न सकिन्न। तथापि संविधानको कार्यान्वयन, यसका संरचनामा रहेका कमीकमजोरीलाई केलाएर प्रभावकारी बनाउन भने सकिन्छ।

त्यसका आधारमा संवैधानिक सुधार तथा संशोधनको तयारी पनि गर्न सकिन्छ। यदि यो संसद् पनि अन्तरदलीय वा प्रमुख दलहरूका आन्तरिक विग्रहका कारण अस्थिर रह्यो, सरकार चल्न सकेन भने निर्वाचन प्रणाली र प्रतिनिधिसभा विघटन नहुने संवैधानिक प्रावधानका बारेमा गम्भीर रूपले सोच्नुपर्ने हुन्छ। प्रतिनिधिसभाका बहुमत सदस्यको समर्थनमा विघटन र मध्यावधि वा छिटो चुनावमा जान सकिने विकल्प खोज्न सकिन्छ। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणालीमा पनि जान सकिन्छ।

**-कान्तिपुर**

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

# गजल

सधै झलझली आउने आँखाका तस्बिरहरू।
मित्र ! यिनै हुन मेरो प्रेमिका का तस्बिरहरू।

न बोलाउदा बोल्छन्, न चिच्याउदा सुन्छन्,
हेर्नू, बहुत कठोर छन भित्ताका तस्बिरहरू।

उसँग अँगालोमा बाँधिएको तस्बिर पनि छ,
साथमा, यस्तै त हो सम्झनाका तस्बिरहरू।

उसलाई न आफ्नो बनाउन सके, न अरुको ,
खै कसरी टुक्रिए हाम्रा बाचाका तस्बिरहरू।

अचेल यो दुनियाँ पनि शून्य , शून्य लाग्छ,
के सोंचिरहन्छ मन टाढाटाढाका तस्बिरहरू।

अब त,उसकै हुने आशपनि मनमा टुटेर गयो,
अचेल सम्झिरहन्छु बुढीआमाका तस्बिरहरू।



**प्रदीप नेपाली**
*बिहादी ५ उराम, पर्बत*

# गजल


आज ऊ कतै भेटमा थियो।
लाग्छ प्यारमा आत्म बाँधियो।

भाग्य कोर्न आफैं जुटौं भने,
अन्धकार भो दीप निभ्दियो।

माथमा सधैं देख्छु रिक्तता,
मात्र चोटले भाग्य अल्झियो।

छैन मित्र उसको समाजमा,
आज सुस्तरी साथ छुट्टियो।

हेप्नसम्म हेप्यो समाजले,
गाँस बासको आस रोकियो।



**नानीमाया सुनुवार 'नामासु'**
*ताप्ली गाउँपालिका ४ उदयपुर*
*हाल काठमाडौं*


# कविता : रित्तो हात र बन्द बाकस

रहर नभै बाध्यताले बिदेसिएको मान्छे म।
फगत दामका लागि देश छोडी पर्देसिएको,
आफ्नै परिवारका लागि बिदेसिएको म।
रहरले होइन बाध्यताले अलग्गिएको म।

काढेर साहुको रिन हालेर गोजीमा,
पर्देसिएँ म कामको खोजीमा,
मुम्बईमा बेचिन आइपुग्ने चेली सरल र सोझी
दलाललाई तिर्दातिर्दै दाम,
हालत छ खराब खाली छ गोजी
यस्तै यस्तै छ हर्दम चलेको नकाम।

नपाएपछि देशमा रोजगार
बिदेसिनु परेको छ
परिस्थितिसँग खाएर हार
ठूलै गल्ती गरेझैं लाग्छ देश परदेश पुगेर
बीच बाटैमा पारी अलपत्र हराएको छ दलाल
माँगिरहेछु म गुहार
यस्तै छ मेरो र मेरै देशको हाल।

पैसा सोची देश छोडेर परदेश पुगें
न मैले गर्न केही सकें न काम नै पाएँ
गएथें ऋण कबोलेर रित्तो हात लिएर आएँ
भारी बोक्न नसक्ता रिनको



**रामु दाहाल**
*संखुवासभा (मादी)*

रोजेर डोरी घाँटीमा पासो लगाएँ
विदेश गएर अरू मैले खै के पाएँ?

जाँदा उडेर गएको थिएँ आकाशमा
फर्किंदा लास बनेर आएँ बाकसमा
सजाएका सपनाहरू थिए मनभरिका
धूँवा बनी उडे आकाशमा
सकुशल गएथें जाँदाखेरि
फर्किंदा लमतन्न भै आएँ एक्लै बन्द बाकसमा।

# मुक्तक

मुक्तक १
रित्तिएको त्यो भाडामा चामल भर्ने सकिएन।
बाआमाको ओठमा मुस्कान छर्ने सकिएन।
प्रगतिको नाउँमा त्यहीं उमेर बढिरहयो बस्,
अरू जिन्दगीमा केही प्रगति गर्ने सकिएन।

मुक्तक २
केही पलको लागि बहुत खुसी छाएर गयो।
मिठा मिठा ती प्रेमका गितहरू गाएर गयो।
जसको नाउमा मन्दिरमा दियो बालेकि थिए,
अक्सर उसैले नै मनको दियो निभाएर गयो।

मुक्तक ३
राज्यको ऋणको तिमी एक भागी हो।
भन्नै पर्दैन हजुर ! यो माग्दै नमागी हो।
तिमी देशमा रोजगार खोज्दै नखोज,
खाडी मुलुक जति सबै तिम्रै लागि हो।



**सुनाखरी निर्मला आचार्य**
*नेर्पा -६ खोटाङ्ग*

# गजल

सिसा जस्तै फुटे निधार नहुँदो रहेछ।
राखेर मात्रै ठूलो बिचार नहुँदो रहेछ।

झिनो आस बोकेर रित्तो गोजी राखेर,
वरिपरिको दुनियाँ संसार नहुँदो रहेछ।

जब परदेशि छोरा फर्केर घर नआय सम्म,
आमालाई दशै जस्तो दशै तिहार नहुँदो रहेछ।

भाग्यले दुश्मनि गरेर भाग्य फुटाय पछी,
उठाएर आफैमा धारिलो हतियार नहुँदो रहेछ।

देशमा योग्यता अनुसारको कुनै काम पाईदैन,
युवाहरू दिनहु बसेर बेरोज्गार नहुँदो रहेछ।



**मनोज शाही ठकुरी**
*रारा कर्णाली मुगु , हाल काठमाडौं*

# मुक्तक

मुक्तक १
कति गुण लगाउनु, जनतालाई टेर्दै टेरिदैन।
सत्तामा पुर्यायो गुफा पस्नेछन हेर्दै हेरिदैन।
परिवर्तन ल्याउँछौ भनि आस मात्र देखाउछन,
देश र जनताको मुहार कहिल्यै फेर्दै फेरिदैन।

मुक्तक २
भ्रष्टचारको जराहरु अब एकाएक गर्दै फाल्नु पर्छ।
घुसखोरी अनि कमिसनको बिरुवा पनि उखाल्नु पर्छ।
राज्यको ढुकुटी दोहन गरेर भएभरको सम्पति भित्राए,
बेतिथि फैलाउनेहरुको सरकार जनताले ढाल्नु पर्छ।

मुक्तक ३
देशमा नेत्रित्व गर्ने व्यक्ति फेरिन्छ व्यवस्था फेरिदैन।
जितायो पदमा पठाँयो जनताको भलो केहि हेरिदैन।
जति बोले बोली सके चुनाब अधि अब मौन बस्छन,
हत्या हिँसा बिरुद्धमा कडा कानुन एक्सनले घेरिदैन।



**प्रबिन राई**
*खोटेहाङ गा.पा.-३ खोटाङ*

# कविता : कमरेड क. प्रचण्ड

म एकलो एकलो रित्तो
आफ्नैं दुनियामा छु
जहाँ हिजो मैले ल्याएको
ब्यवस्था आज मलाई छैन।

हिजो अन्धकारमा पनि
उज्यालो देखिने जिवन
आज उज्यालोमा पनि
अन्धकारमय छ।

हिजो मैले उठाएको हतियार
आज एउटा यस्तो दर्दनाक
रुप लिएर उभिएको छ,
उल्टो मेरो जिवन माथि गोलि ताक्दै
खेल्दैछ, म निरहङ्कार छु।

मलाई सधैं एउतै कुराले पिरोल्छ
मेरो सहयात्री कमरेडहरु.
कता छन कुन अबस्तामा छन।

देखेको छैन सुनेको छु
तपाईं तँ ठुलै नेता बन्नुभयो रे
हिजो हामिले..
लडेर लिएको व्यवस्ता माथि
राजनिति उछाल ल्याउनु हुन्छ रे.।

-यस्तो सुन्दा मलाई
तपाई माथि गर्व हुने हो
तर मनमा निरास भरिएको छन्।

तर क. कमरेडहरु माथि सधैं गर्व छ
ज-जसले यो ब्यबस्था लिउनुमा

आफ्नो अमुल्य योगदान दिनु भयो
उहाँहरुप्रति मन देखि स-सम्मान छ।

सट्टा ले हामिलाई नचिन्नु
हाम्रो दुर्भाग्यवश हो
तर हाम्रो योगदानको कडर
एक दिन यो माटोले अबस्य गर्ने छ।

कमरेड क. प्रचण्ड
तपाईलाई सम्झिनु भन्दा
बिर्सनु पर्यो।

समाज देश परिवर्तन माथिको
हाम्रो लडाइमा, हाम्रो केहि बिचार मिलेन
तर साथ सधैं थियो।

त्यो साथ पनि
हिजो बाट टुङ्गिएको छ
बाकि राज. यात्राको लागि
शुभकामना..।

मलाई तपाईको खोक्रो आदर्श को
राजनीति स्विकार छैन।

म जनतालाई भ्रममा पारेर
झुटो आश्वासन दिई
आफ्नो स्वार्थ पुर्ति गर्न।
समाजमाथि बिद्रोह गर्न सक्दिनँ।
म भुई मान्छे नै ठिक छु।

मेरो आग्रह छ
प्लिज मेरा आँखामा



**पि.आर. मगर**
*प्युठान नगरपालिका -५ जुम्रीकाँडा*
*प्युठान, हाल मलेसिया*

क्रांतिको गोला बारुद
न बर्साउनु।

तपाईं जस्ता कमरेड
देश खरानी बनाइदिन्छ।
भेष धारण गरेर।

म देशको लागि धेरै बाँचे
अब आफ्नो लागि बाच्नु छ
मलाई क्रान्तिकारी नसम्झिनु।

मैले मेरो युद्धलाई
त्यहिँ दिन
विश्राम दिएर आएको छु
जुन दिन तपाईले
हामि माथि विश्वासघात गर्नु भयो।

# मुक्तक

मुक्तक १
चुरोट तान्न त सिकाईस् अब छुटाउन सिकाइदे।
कि चाहिएको बेलामा पैसा जुटाउन सिकाइदे।
न राम्ररी पढ्न सकियो न केही काम नै गरियो,
जानु पर्ने भो परदेश पत्थर फुटाउन सिकाइदे।

मुक्तक २
छिमेकीले नेपालीलाइ नोकरमा नै गन्न थाल्यो।
नेपालीलाई पासो पार्न ठुलो खाडल खन्न थाल्यो।
ढिलो होला आफ्नो कानमा तेल हालेर नबसौं कि,
हुँदा हुँदा बुद्धलाई नि आफ्नो देशको भन्न थाल्यो।

मुक्तक ३
खै उनिहरु जिन्दगी कसरी चलाउछन?
जो अरुको उन्नतिमा मन जलाउछन।
कुण्डली खराब थियो कि ऊ बिग्रनुमा,
हुने बिरुवाको उम्रिदै चिल्लो पात पलाउछन।



**टंक खुलाल कार्की**
*छथर गाउँपालिका ५, तेह्रथुम*



**प्रेम थापा 'मन'**
*बागलुङ*

# मुक्तक

मुक्तक १
महँगाइले डाँडो नाघ्दा, राहतको हातले कति सेक्ने ?
सभ्यताको अति अभाव छ अचेल लौ के कता टेक्ने ?
हुने खाने आफ्नै रणनीतिमा छन्,गरिबको पेट सुक्यो,
प्रणाली, परिपाटी यस्तै छ,यही कहर अझ कति छेक्ने ?

मुक्तक २
जसले नराम्रो सिकाउँछ, उसैलाई काखी च्याप्छन् अझै।
आफू दिनानुदिन बेचिएको थाहा छैन हात थाप्छन् अझै।
राम्रोलाई कुरा काट्दै,खु । तान्दै र कुल्चेर हिंडिदिन्छन्,
सधैं भोगिएको तीतो सत्य हो ,बलेकै आगो ताप्छन् अझै।

मुक्तक ३
गरिब निमुखालाई कहरै कहर मिल्छ झन धेरै।
तातेको जिऊ आश गर्दागर्दै चिसिन्छ झन धेरै।
सरकार आफ्नै दुनो सोझाउन तल्लीन देखिन्छ,
र त बिना उपलब्धीको मनै बहकिन्छ झन धेरै।

# गजल

किन जानीजानी मालीले नै पीडा दिने गर्छ?
अधर्मीले फूल टिपेर नै बास्ना लिने गर्छ।

सिरमा सजाउँछु भनेर भुलायौ मलाई,
बगैंचाको फूल टिपेर किन कुल्चिने गर्छ?

आफ्नै घुँडामा आफैले बन्चरो हानेछु मैले,
त्यसैले होला बेलाबेला चोट बल्झिने गर्छ।

किन रोकिदैनन् रातमा आँसुको धराहरू?
पूर्व उज्यालो हुँदा मात्र आँसु रोकिने गर्छ।

यो मनको भिडभाडबाट टाढिएकी तिमी,
कल्पनामा हराउँदा सामुन्ने उभिने गर्छ।



**भुपेन्द्र राना मगर**
*धादिङ*

गाउँपालिकाबासीलाई अनुरोध
सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान
लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।
अनुरोधक : माण्डवी गाउँपालिका जस्पुर, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान
लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।
अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान

# लुम्बिनी प्रदेशको राजधानी सार्ने विषयमा कर्मचारीको खिचलो

**झुलेनी पोष्ट,**
**प्यूठान**

लुम्बिनी प्रदेशको राजधानी सार्ने विषयमा कर्मचारीले किचलो झिकेका छन् । राजधानी दाङको भालुबाङमा सार्ने प्रदेश सरकारले तयारी गरेपछि प्रदेश सरकारकै कर्मचारीले विरोध गरेका छन्। बुधबार असन्तुष्ट कर्मचारीका विभिन्न संगठनको नेतृत्वमा प्रदेश प्रमुख सचिवमार्फत सरकारलाई ज्ञापन पत्र बुझाइएको हो। नेपाल निजामती कर्मचारी संगठन, नेपाल कर्मचारी युनियन, राष्ट्रिय कर्मचारी संगठन र निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले संयुक्त रूपमा ज्ञापनपत्र बुझाएका छन् । प्रदेशको स्थायी राजधानी तोकिएको दाङको देउखुरी क्षेत्रमा कर्मचारीका लागि आवास सुविधादेखि बालबालिकाको शैक्षिक सुविधा, सुरक्षा, स्वास्थ्य लगायतका आधारभूत पूर्वाधारबिना मन्त्रालय र कर्मचारी लैजाँदा समग्र कार्यसम्पादनमै समस्या हुने कर्मचारीको जिकिर छ ।

## गौमुखीले...

पालिकाले नै निर्धारण गरि बजारिकरण गर्ने र कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउने भएको रानाले बताए ।

कृषि एम्बुलेन्सले कृषकका घरघरमा गई कृषिजन्य उत्पादन खरिद गर्ने र बजारसम्म पुर्याई व्यवस्थापन गर्ने भएको छ । प्रयाप्त र गुणस्तरीय उत्पादनका लागि कृषकलाई व्यवसायीक बनाउने र आफ्नो कार्यकाल भित्रै व्यवसायीककरण, आधुनिकिकरण र यन्त्रिककरण यी तिन सुत्रको आधारमा यहाँका जनताको आर्थिक जीवन स्तर माथि उकास्न भरपूर पहल गर्ने रानाको भनाई छ । कृषि पकेट क्षेत्र व्यवस्थित बनाउन प्रत्येक क्षेत्रमा कृषक समुहहरु तथा सहकारी समुह गठन गरेको समेत उनले बताए ।

रेडियो झुलेनी
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रसारणका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
www.jhulenipost.com

## छोटकरी

### लुङ रिजाल बन्धुहरूको देवाली हेर्न हजारौ दर्शक

**झुलेनी पोष्ट,**
**प्यूठान**

प्यूठानको नौबहिनी गाउँपालिका ६ लुङमा रिजाल बन्धुहरुको सावेशी कुलपूजाको अवलोका हजारौ दर्शकले गरेका छन् । पश्चिम नेपालको सबैभन्दा ठूलो देवाली मानिने रिजाल बन्धुहरुको देवाली हेर्न विभिन्न जिल्ला हरुबाट बिहीबार झण्डै ५० हजार दर्शक आएको रिजालबन्धु समावेशी कुलपूजा समितिका संयोजक सूर्यबहादुर केसीले जानकारी दिए । ६ वर्ष पछि भएको कुलपुँजामा झण्डै ३ हजार भन्दा बढी बोकाको बलि दिइएको आयोजकले जनाएको छ ।

यसपालि लुङसम्म पुग्नको लागि सडक राम्रो भएकाले लुङको मेला भर्न आउनेहरुलाई सहज भएको स्थानीयहरुको भनाई छ ।



## भारतबाट फर्केर...

धेरैजसो बसाई सरेर गएपछि सुनसान भएको गाउँमा बाख्रापालन गर्ने ठूलो सोचले सुनार दाजुभाइले लगानी गरेको भन्दै प्यूठान नगरपालिकाले पनि बाख्रा पालनमा सहयोग गर्न थालेको छ । यसलेगर्दा उनीहरु थप हौसीएका छन् । 'खोर निर्माणमा मात्र १० लाख रुपैयाँ लगानी गरिसकेका छौं,'टुकमान सुनारले भने, '४ वर्ष पहिले २० वटा स्थानीय बाख्रा खरिद गरेर फर्म सुरु गरेका हौं । अहिले पाठापाठी गरी ८० बाख्रा पुगेका छन् ।' उनीहरुले स्थानीय खरी जातको बाख्रामा उन्नत बोयर बोका व्याड लगाई बाख्रा बढाउँदै गएका छन् । माण्डबी गाउँपालिका मर्काबाङस्थित लेकाली बाख्रा फर्मबाट ४० हजार रुपैयाँमा उन्नत बोयर बोका व्याडका लागि किनेर ल्याएको सुनारले बताए ।

गतवर्षबाट निर्माण गर्न थालेको खोर अझै निर्माण पूरा भइसकेको छैन् । 'दुई सय बाख्रा अटाउने खोर निर्माणकै चरणमा छ,' सोभाराम सुनारले भने, 'दसैसम्ममा निर्माण पूराहुने छ ।' तीन भाइकै दम्पती बाख्राकै स्याहार सुसारमा लागेको उनले बताए । बाख्राको मोललाई उनीहरुले तरकारी खेतिमा प्रयोग गर्नेगरेका छन् । बाख्रा मोल प्याज, लसुन लगाउदा प्रयोग गर्ने सोभारामले बताए । 'जमिन सिँचाइको पनि कुनै समस्या छैन्,' उनले भने, 'बाख्रमोल प्रयोग गरेर लगाएका लसुन धेरै राम्रो उत्पादन हुँदोरहेछ ।' उनले यसवर्ष १ लाख रुपैयाँको लसुन बिक्रि गरेको बताए ।

नगरपालिकावासिलाई अनुरोध
लैंगिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार ।
आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं।
लैङ्गिक हिंसाको विरोध गरौं ।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।
अनुरोधक : प्यूठान नगरपालिका विजुवार प्यूठान


नगरपालिकावासिलाई अनुरोध
लैंगिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार ।
आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।
अनुरोधक : स्वर्गद्वारी नगरपालिका भिंग्री, प्यूठान

जनहितमा जारी सन्देश
- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।
अनुरोधक:
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

जाडोको समयमा चिसोबाट बचौ
-जाडोबाट बच्न तातो, पौषिलो तथा झोलिलो खानेकुरा खाऔं,
-न्यानो कपडा लगाऔं,
-घर तथा कोठा न्यानो बनाऔं,
-कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
-बालबालिकालाई तेल मालिस गरिदिऔं,
-बढी चिसोमा मर्निङ वाक नगरौं,
-चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
-दैनिक घाम ताप्ने गरौं ।
स्वास्थ्य कार्यालय प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# मौसमी रुघाखोकी केहो? कसरी बच्ने?



डा. सुनिल शर्मा आचार्य

साधारणतया वर्षा यामको सुरु तथा अन्त्य र जाडो यामको सुरु तथा अन्त्यमा रुघाखोकी ज्वरो, इन्फ्लुएञ्जाका बिरामी बढी देखिने गर्दछन्। मौसमी रुघाखोकी, भाइरल इन्फ्लुएञ्जा भाइरस अथवा रुघाखोकी मात्रै जे भने पनि यी सबै भाइरल इलनेस हुन्। यो इन्फ्लुएञ्जा भाइरसको कारणले हुन्छ। यो भाइरसको ठ्याक्कै उपचार हुदैन। सामान्य रुपमा दुई चार दिन या एक हप्ता रुघा खोकी लागेर निको हुने हुन्छ ।

यदी रोग प्रतिरोधात्मक क्षमता कम भएको बिरामी छ भने उनीहरुलाई सामान्य रुघाखोकीले पनि निमोनियाको रुप लिन सक्छ। वृद्दवृद्धा, दीर्घरोगि, दमका बिरामीहरु, सुगरका बिरामी, कडा खालको औषधि खाईरहेको बिरामीहरु अथवा कुनै क्यान्सर, किड्नीका बिरामी, गर्भवती र बालबालिकाहरुलाई मौसमी रुघाखोकीको जोखिमको सम्भावना उच्च हुन्छ। यो समुहका बिरामीहरुलाई रुघा लग्यो भने अस्पताल नै भर्ना गर्नु पर्ने या मृत्यु नै हुने सम्मको जोखिम हुन्छ। हामीले जोगाउने भने यही समूहका बिरामीहरुलाई हो।

उनीहरुको रोगसंग लड्ने क्षमता कम हुन्छ। त्यसकारण उनीहरुलाई वर्षमा एकपटक लगाउने इन्फ्लुएञ्जाको भ्याक्सिन लगाउन सकिन्छ। त्यो भ्याक्सिन लगाउँदा मौसमी रुघाखोकीबाट जोगिन र यदी लागिहाल्यो भने पनि धेरै जटिल नहुने हुन्छ।

चिसो मौसम सुरु हुन भन्दा अगाडी उक्त सुई लगाउनाले प्रभावकारी काम गर्छ। यो वर्ष वर्षमा लगाउनु पर्छ। निमोनियाको पनि भ्याक्सिन हुन्छ। उक्त भ्याक्सिन एकपटकलगाई सकेपछि पांच वर्ष सम्मलाई काम गर्छ।

जतिपनि बिरामीहरु मौसमी रुघाखोकी लाएर अस्पताल आईपुग्नु हुन्छ उहाँहरु सबैले औषधि खाएर आउनु हुन्छ। प्रायः बिरामीले एन्टीवायोटिक खाईरहनु भएको हुन्छ। जुन मौसमी रुघाखोकीमा आवश्यकता नै छैन। त्यसले त उल्टो शरीरमा हानि गर्छ।एन्टीवायोटिकहरु अनावश्यक प्रयोग गर्नु हुदैन।

मौसमी रुघाखोकीमा टाउको दुख्ने, घाँटी दुख्ने, रुघाखोकी लाग्ने, श्वास फेर्न गाह्रो हुने, ज्वोरो आउने लगाएतका लक्षणहरु देखा पर्छन्। कोभीडको समयमा जस्तैखोक्दा हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने, साबुन पानीले हात धुने, भिडभाडमा नजाने लगायतका चिजहरु पालना गर्नु पर्छ।

### कसरी बच्ने?

-खोक्दा या हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने ।

-साबुन पानीले मिचीमिची हात धुने ।

-आनावस्यक रुपमा मानिसहरुको भीडभाड भएको ठाउँमा नजाने ।

-अनावस्यक रुपमा आँखा, नाक तथा मुखमा हात नलैजाने ।

-अरुले प्रयोग गरेका रुमाल याकपडा प्रयोग नगर्ने ।

-रुघाखोकी लागेका मानिसहरुसंग भौतिक दुरी कायम राख्ने ।

-पोषिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने ।

-चिसोबाट जोगिने ।

-तातोपानी खाने, बाफ लिने ।

-सामान्य खोकी लागेको समयमा घरेलु औषधिहरु (तुलसीको पातको रस) खाने ।

-इन्फ्लुएञ्जाकोभ्याक्सिन लगाउने ।

**(डा आचार्य परोपकार प्रसुती गृह तथा स्त्री रोग अस्पतालमा कार्यरत छन्।)**

# सत्ता गठबन्धनको...

धेरै देशमा संसद्हरू विघटन भइरहन्छन् । अर्थात् संसद् विघटन संसदीय व्यवस्थाको नियति हो ।

### एमालेको अवस्था

चुनाव आउनु एक हप्ताअगाडि एमाले अध्यक्ष केपी ओलीले बहुमत ल्याउने दाबी गरेका थिए । एमालेले उनले भनेजस्तो बहुमत ल्याउन सकेको छैन । ओलीले माधव नेपालको 'दोकान' बन्द हुने बताएका थिए । माओवादी अध्यक्ष पुष्पकमल दाहालले एमालेलाई निकै सानो साइजमा ल्याउने बताएका थिए ।

चुनावी परिणामले के देखायो भने पुष्पकमल दाहालले भनेजस्तो एमाले निकै सानो साइजमा पनि आएन र ओलीले भनेको जस्तो अरु पार्टीका 'दोकान'हरू पनि बन्द भएनन् । राजनीतिमा सबैको हैसियत सधैँ एकनास हुँदैन । एमाले संसद्मा दोस्रो शक्ति बनेको छ ।

एमालेले आगामी दिनमा कस्तो रणनीति अपनाउँछ भन्न सकिँदैन । तर, संसद्मा एमालेको बलियो उपस्थितिले संसद् विघटन सही थियो भन्ने ओलीको जिद्दीलाई बल दिएको छ । उनले संसद् विघटन बेठीक थियो भनेर सम्भवतः भन्ने छैनन् । आगामी दिनमा संसद् विघटन हुनेछ कि छैन, त्यो भविष्यका घटनाक्रमले नै बताउनेछ । तर, इतिहासमा कहिल्यै संसद् विघटन गर्ने छैनौँ भनेर कांग्रेस र माओवादीले पनि घोषणा गरेका छैनन् ।

जेसुकै भए पनि एमाले दोस्रो शक्तिको रूपमा संसद्मा उपस्थित भएको छ । अब उसले गठबन्धन गरेर सरकार बनाए पनि वा प्रतिपक्षमा बसे पनि जिम्मेवार ढंगले प्रस्तुत हुन बाध्य हुनेछ । इतिहासले केपी ओली र एमालेलाई गतिलोसँग पाठ पढाएको छ । बहुमतको सरकार ढालेर चुनावमार्फत बहुमतको सरकार बनाउने ओलीको सपनामा तुषारापात भएको छ । घटनाक्रम कसरी विकसित हुन्छन् भन्ने कुरा अहिल्यै भन्न नसकिए पनि वामपन्थी दलहरूलाई एकै ठाउँमा ल्याउन नेतृत्व गर्ने हैसियत एमालेले प्राप्त गरेको छ । एमालेले वामपन्थी जनमतको कसरी सदुपयोग गर्छ भन्ने कुरा केपी ओलीको आगामी रणनीतिले प्रस्ट पार्नेछ । नेपाली जनताको चाहना अहिले पनि वामपन्थी जनमतको एउटै मोर्चा वा एकै ठाउँ होस् भन्ने रहेको छ । त्यसलाई एमालेले गम्भीरतापूर्वक बोध गर्नुपर्छ ।

माओवादी र अन्य दलका नेताहरूलाई पनि चुनावले राम्रोसँग पाठ पढाएको छ । खेम सेन्चुरीको 'सोचेझैँ जिन्दगी रैनछ' भन्ने गीतजस्तै राजनीति पनि नेताहरूले सोचेझैँ हुन सक्दैन भन्ने कुरा धेरैपटक पुष्टि भएका छन् । एमालेले प्राप्त गरेको जनमत ध्वंसमा होइन, देश र जनताको पक्षमा सदुपयोग गरोस् भन्ने चाहना सबै जनतामा छ ।

### चुनावी परिणामले दिएको सन्देश

पाँचदलीय गठबन्धनको सरकारले स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएको छ । संविधानले परिकल्पना गरेअनुसार प्रजातान्त्रिक प्रक्रियालाई अगाडि बढाउन र संविधानअनुसार शासन सञ्चालन गर्नका लागि निर्वाचन अपरिहार्य विधि हो ।

*"कांग्रेस र एमालेले बेग्लाबेग्लै धुरीको नेतृत्व गरेको अवस्थामा टालाटुली बटुली भनेजस्तै निकै कमजोर र फितलो गठबन्धन बन्ने हुँदा आगामी सरकारबाट जनताले निकै ठूलो अपेक्षा गर्ने ठाउँ छैन ।"*

गठबन्धनभित्रैबाट चुनाव सार्ने कैयौँ षड्यन्त्रहरू भएका थिए । तर, जनताको दबाबका कारणले समयमै निर्वाचनहरू सम्पन्न भएका छन् । चुनावबाट कुनै पनि दलको बहुमत नआएको हुनाले कुनै न कुनै गठबन्धन गरेरै सरकार बन्नेछ । दलहरूको विगतको चरित्र हेर्दा सांसदहरूको मात्रै होइन, राजनीतिक पार्टीकै किनबेच हुने सम्भावना पनि त्यत्तिकै छ । चुनावअगाडिको तीन महिनासम्म बालुवाटारमा सिटको भागवण्डा गिद्धले सिनोको लुछाचुँडी गरेको जस्तै देखिन्थ्यो । स्थानीय चुनावपछि गठबन्धनको सम्पूर्ण समय बालुवाटारमा सिटको भागवण्डामा बितेको थियो । चुनाव जित्नेजस्तो सिटमा सबै दलले दाबी गर्ने, हार्ने सिट अर्को दललाई भिराइदिने खेल खुबै चल्यो । पाँच दलहरूले चुनावमा गठबन्धनलाई दुईतिहाइ बहुमत आउने दाबी गरेका थिए । त्यही समयमा उपेन्द्र यादव गठबन्धनबाट बाहिरिए भने महन्थ ठाकुर भित्रिए । दुईतिहाइ ल्याउने दाबी गरिएको गठबन्धनले सामान्य बहुमत पनि ल्याउन सकेन । अझै यसरी भन्न सकिन्छ कि गठबन्धनको बहुमतलाई जनताले अस्वीकार गरिदिएका छन् । जनताले गठबन्धनलाई अस्वीकार गरेपछि सातपटक प्रधानमन्त्री हुने चिना हेराएर बसेका शेरबहादुर देउवालाई पनि नराम्रोसँग धक्का लागेको छ । यद्यपि सत्ताका खेलाडी देउवाले नयाँ जुक्ति अपनाउने कैयौँ सम्भावनाहरू रहेका छन् । गठबन्धनले बहुमत ल्याउन नसकेपछि सरकार निर्माणका लागि धेरै कसरतहरू हुनेछन् । माओवादी र एमालेको एउटा पंक्तिभित्र वाम गठबन्धनको चर्चा सुरु भएको छ । ती पार्टीहरूबीचको तिक्तता हेर्दा अहिले नै वाम गठबन्धनको सम्भावना देखिँदैन । फेरि चुनावमा वाम पार्टीहरूको मात्रै बहुमत पुगेको छैन । चुनावी परिणामले अन्त्य गरिदिएको गठबन्धनमा केही दलहरू थपथाप गरेर सरकार निर्माण गर्ने प्रयत्न हुनेछ । राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको दह्रो उपस्थितिले अंकगणितको खेल कता जानेछ भनेर अहिल्यै भन्न सकिँदैन । चुनावबाट जनताले विभिन्न दलहरूलाई बेग्लाबेग्लै हैसियत प्रदान गरेका छन् । ती पार्टीका केन्द्रीय समिति र संसदीय दलका बैठकहरू बस्न बाँकी छन् । अहिलेलाई यत्ति मात्रै भन्न सकिन्छ कि दलहरूले आफ्नो राजनीति र शक्तिको हैसियतले सरकार वा प्रतिपक्षमा रहेर राम्रोसँग काम गरून् ! सत्तास्वार्थका लागि जुनसुकै गठबन्धन बनाए पनि जनताले अनुमोदन गर्दैनन् । कांग्रेस र एमाले मिलेर सरकार निर्माण गरे भने देशमा बेग्लै स्थिति बन्न सक्छ । कांग्रेस र एमालेले बेग्लाबेग्लै धुरीको नेतृत्व गरेको अवस्थामा टालाटुली बटुली भनेजस्तै निकै कमजोर र फितलो गठबन्धन बन्ने हुँदा आगामी सरकारबाट जनताले निकै ठूलो अपेक्षा गर्ने ठाउँ छैन । आगामी पाँच वर्ष कम्तीमा २-३ वटा सरकार बनेर नेताहरूको प्रधानमन्त्री र मन्त्री बन्ने इच्छा पूरा हुनेबाहेक देशले कुनै नयाँ चीज प्राप्त नगर्ने निश्चितजस्तै छ ।

नयाँ चीज थिएन । गठबन्धनलाई नेताहरूको अगाडि जनताले ठगबन्धन भनेर प्रश्न गरेका थिए ।

गठबन्धनले सरकारले गरेका काम र एजेन्डा देखाएर एउटा पनि भोट नमाग्ने तर ओलीको मात्रै त्रास देखाएर भोट माग्ने रणनीति पूरापूर फेल भएको छ । गठबन्धनको हारले त्यही कुरा प्रमाणित गरेको छ । गठबन्धन सरकारले एउटा पनि राम्रो काम गरेकै थिएन । जनताको बीचमा गठबन्धन निकै अलोकप्रिय र बदनाम थियो भन्ने कुरा निर्वाचनले पनि पुष्टि गरेको छ । प्रचण्ड आफैँ चुनाव हार्ने निश्चित भएपछि चितवन छोडेर गोरखातिर भागेका रहेछन् । रहस्यमय तरिकाले एमसीसी र नागरिकता विधेयक पारित गरिएपछि माधव नेपाल र प्रचण्ड निकै बदनाम भएका थिए ।

पाँचदलीय गठबन्धन किन ठगबन्धनमा परिणत भयो ? मूलतः माओवादी र मसालले यसको गम्भीर समीक्षा गरेर अगाडि बढ्नुपर्छ । केही क्षेत्र छोडेर देशव्यापी रूपमै कांग्रेसले वामपन्थी उम्मेदवारलाई भोट हालेका छैनन् । शेखर कोइराला समूहले कांग्रेसबाहेक अरु पार्टीका उम्मेदवारलाई भोट हालेनन् ।

वामपन्थी दलहरूले ओलीको संसद् विघटनलाई प्रतिगमन भनेर निकै जोडतोडले कुरा उठाएका थिए भने कांग्रेसहरू प्रतिगमन भनेर खुलेर जनताको बीचमा गएनन् । कांग्रेसलाई के थाहा थियो भने संसद् विघटन प्रतिगमन होइन । कांग्रेस संसदीय शासनप्रणालीमा विश्वास राख्छ र संसदीय व्यवस्था भएका दुनियाँका


## मल्लरानी वडा नं. ३ को अनुरोध

### लैंगिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार ।

आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।

घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

मनोज कुमार जि.सी.
सचिव

नोमराज पौडेल
वडाध्यक्ष

एवं समस्त मल्लरानी गाउँपालिका ३ वडापरिवार, प्यूठान



## गाउँपालिकाबासीलाई अनुरोध

### सभ्य समाजको पहिचान: लैंगिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

अनुरोधक
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका

झुलेनी पोष्ट साप्ताहिक

-जानकारी

# व्यवसायिक केरा खेती गर्दा अपनाउनुपर्ने महत्वपूर्ण बुँदाहरु:



केरा खेतीको लागि ओसिलो र गर्मि हावापानी चाहिन्छ। नेपालका धेरैजसो जमिन तराई तथा भित्री मधेशहरुमा केरा खेती हुने गर्दछ । पछिल्लो समय केरा खेती एउटा गतिलो आम्दानीको स्रोतनै बन्न थालेको छ । कम लागत तथा छोटो समयावधिमा नै राम्रो उत्पादन लिन सकिने भएकाले पनि यसको खेती दिनानुदिन बढ्दै गएको देखिन्छ।

स्वास्थ्यको दृष्टिकोणसमेत केरा उपयोगि फल मानिन्छ। केरामा भिटामीन ए, वी र सी जस्ता हाम्रो शरिरलाई आवस्यक पोष्टिक पदर्थ पाईन्छ । आय वर्दक साथै स्वस्थ्य वर्धक केराको खेती तराई, पहाड र भित्रीमधेशहरुमा पहिले देखीनै गरिदै आएका पाईन्छ । पछिल्लो समय आधुनिकता सँगै केराबाट अनेकौं प्रकारहरु उत्पादन हुन थालेसँगै बजारमा माग बढ्दो छ । यस्तो आय र स्वस्थ्य वर्दक केरा खेतीको व्यवसायिक खेती गर्न पहिले हामीले के, कसरी, कहीले, कुन जातको, कस्तो हावापानी, रोग लागिहाले के गर्ने जस्ता कुराहरु जान्न आवस्यक छ । यसै अन्तर्गत कृषि व्यवस्थापन सूचना प्रणालीले तयार पारेको केही महत्वपूर्ण बुदाहरु निम्न प्रकारकाछन् ।

**१. केरा के कसरी रोप्ने ?**

केराको विरुवा रोप्दा खाडलको बीचमा पर्ने गरी गानो मात्र माटो मुनी पारेर रोप्नु पर्दछ । तन्तु प्रजननवाट तयार गरिएको विरुवा डल्लो सहित रोप्नु पर्दछ।

**२. केरा रोप्दा प्रति खाडल के कती मल प्रयोग गर्नु पर्छ ?**

केराको विरुवा रोप्नु भन्दा अगाडि प्रति आडल १०० ग्राम युरिया, ७५ ग्राम डि.ए.पी. र १२५ ग्राम पोटास मल प्रयोग गर्नु पर्दछ।

**३. केरा कहिले रोप्नु पर्छ ?**

केरोको विरुवा रोप्न उपर्युक्त समय बर्षा ऋतु अर्थात जेष्ठ आषाढ महिना हो । सिंचाईको भरपर्दो अवस्था मिलाई फागुन महिनामा पनि केरा लगाउनु सकिन्छ।

**४. तन्तु प्रजनन विधिवाट उत्पादित विरुवा लगाउँदा कस्तो हुनु पर्छ ?**

तन्तु प्रजनन प्रविधिवाट उत्पादित विरुवा लगाउँदा विरुवाहरु दोश्रो नर्सरीमा कम्तिमा ३ महिना पुनः सारी हुर्काईएका र जरखराईएका तथा तनि पात भएको हुनु पर्दछ।

**५. केरा खेतीवाट राम्रो उत्पादन लिन कस्तो विरुवा लगाउनु पर्छ ?**

केरा खेतीवाट राम्रो आम्दानी लिनका लागि तन्तु प्रजनन विधिवाट तयार गरिएको विरुवा लगाउनु बढी राम्रो मानिन्छ।

**६. केराको विरुवाको छनौट कसरी गर्ने?**

केराको विरुवा साँघुरो तलवार आकारको पात भएको सकर (माउ बोटबाट निस्कने विरुवा) हुनु पर्दछ। )

**७. केरा रौप्नु भन्दा अगाडी खाडललाई के गर्नु पर्छ ?**

खाडलमा केरा विरुवा रौप्नु भन्दा कम्तीमा १ हप्ता अगाडि नै प्रति खाडल १०-१५ किलो राम्ररी पाकेको गोठेमल वा कम्पोष्ट र ५ किलो खरानी माटो राम्रोसँग मिसाएर खाडल पुर्नु पर्छ । विरुवालाई गवारोबाट जोगाउलाई फयूराडन ३जी भन्ने विषादी प्रति आडल १०-१५ ग्रामका दरले प्रयोग गर्नु पर्छ।

**८. केरा के कति दुरीमा रोप्नु पर्छ ?**

केरा रोप्दा विरुवा देखि विरुवाको दुरी २-२ मिटर (करिब ७ फिट) हुने गरी १.५ फिट गोलाई र गहिराईका खाडलहरु तयार गर्नु पर्छ।

**९. केराको व्यवसायिक खेती गर्दा कुन जातहरुका लगाउन उपयूक्त हुन्छ ?**

केराको व्यवसायिक खेती गर्न विलियम डाईब्रिड, जी ९, रोवष्टा, हरिछाल र मालभोग (झापाली) जतहरु प्रयोग गरिन्छ

**१०. केरा खेतीको लागी माटो कस्तो हुनु पर्छ ?**

केरा खेतीको लागी माटो मलीलो हुनु पर्दछ र गहिरो (१ मी.सम्म) खन्दा पानी नआउने र कडा चट्टान, ढुंगा नभएको, पानी नजम्ने र अम्लीयपन नभएको तटस्थ (पी. एच.६-७.५) भएको माटो उपयुक्त हुन्छ।

**११. केरा खेतीको लागी उपयुक्त तापक्रम के कति हुनु पर्छ ?**

केराको लागी औसत तापक्रम २४ डिग्री सेन्टिग्रेट भए राम्रो हुन्छ।

**१२. केरा खेतीलाई कस्तो हावापानी चाँहिन्छ ?**

केराको बोटलाई ओसिलो र गर्मि हावापानी मन पर्छ। तर नेपालको तराइ, भित्री मद्देश देखि वेसी सम्मको हावापानीमा केरा खेती सफलतापूर्व गर्न सकिन्छ।

**१३. केरा खेतिवाट कती आम्दानी गर्न सकिन्छ ?**

एक बिगाहामा (१६०० विरुवा) लगाएको केरा वालीवाट रु.३-४ लाख आर्जन गर्न सकिन्छ।

**१४. केरा रोपे पछि कति दिनमा फल लिन सकिन्छ ?**

केरा लगाएको एक बर्ष भित्रै फल प्राप्त गर्न सकिने, राम्रो व्यवस्थापनमा खेती गर्न सके बर्षको जुनसुकै मौसममा पनि फल उत्पादन गर्न सकिन्छ।

**१५. पाँच कठ्ठा जग्गाको लागी कती विरुवा चाहिन्छ ?**

पाँच कठ्ठामा ४०० विरुवा एक पटक लगाएपछि ४-५ बर्ष सम्म नयाँ विरुवा रोप्नु नपर्ने र लगातार त्यसवाटनै आम्दानी लिन सक्ने।

**१६. केरा खेती किन गर्ने ?**

केरा खेतिको व्यवसायिक उत्पादन बढ्नुमा अरु फलफुल भन्दा सजिलै र आम्दानी पनि धेरै दिने नै प्रमुख कारण मानिन्छ।

**१७. पाकेको केरालाई कसरी भण्डारण गर्ने ?**

पाकेको केरालाई चिसो र सुख्खा ठाँउमा राख्नु पर्दछ, फ्रिजमा राख्नु हुदैन।

**१८. केरालाई कसरी पकाउन सकिन्छ?**

केरा पकाउनलाई मुख्यतया २० डे.से. भन्दा बढी तापक्रममा छिप्एिको र परिपक्व केरालाई केहि दिन छोपेर राखेमा आफै पाक्छ तर छिटो (३-५ दिनमा) पकाउने भए आवश्यक्ता हेरी २.५-५ मि. ली. इथेरेल वा इथेफन (क्रीपोल) प्रति १० लिटर पानीका दरले घोली बनाएको घोलमा चोपेररडुबाएर उपचार गरि न्यानो पारेर छोपेर राख्नु पर्दछ।

**१९. केराको भण्डारण कसरी गर्ने ?**

केराको भण्डारण गर्ने सुविधा छ भने केरा पकाउनु अधिनै करिब १३ डि.से. तापक्रम र ८५-९०.५ सापेक्षिक आर्द्रतामा ३-४ हप्तासम्म केरालाई भण्डारण गरी राख्न सकिन्छ।

**२०. केराको प्याकिङ्ग कसरी गर्ने ?**

उत्पादित केराको ग्रेडिङ्ग गरी केराका हाताहरु छुट्याई प्लाष्टिक क्रेटहरुमा कसेर प्याक गर्नु राम्रो हुन्छ। दुई हार हाताहरु बीच पनी प्वाल भएको प्लाष्टिक सीट वा पत्रिका ओछ्याउनु पर्दछ।

**२१. उत्पादित केराको ग्रेडिङ्ग कसरी गर्नु पर्छ ?**

उत्पादित केरा घरी वा हाताहरुलाई राम्ररी सफा गरी राम्रो खाले, मध्यम खाले र कमसल खाले गरी तिन भागमा ग्रेडिङ्ग गरी सोही अनुसार फरक फरक मुल्यामा विक्रि गर्नु पर्छ।

**२२. केरा खेतीवाट के कती फल उत्पादन हुन्छ ?**

केरालाई राम्रो सँगँ व्यवस्थापन गर्न सकेमा एउटा विरुवावाट औसतमा १५-२० किलो (१०-१५दर्जन) र एक हेक्टरवाट (१.५ विगाहा) ३०-४५ टन सम्म कोराको फल प्राप्त गर्न सकिन्छ।

**२३. केराको घरी काटिसके पछि डाँठ र थामलाई के कसरी व्यवस्थापन गर्नु पर्छ ?**

केराका बोटवाट घरी काटी सकेपछि केराको बोटलाई जमिनवाट करिब १ मिटर लामो डाँठरथाम छाडेर मात्रै काँटी हटाउनु पर्दछ । यसले गर्दा अन्य केराका साना पलाउँदै गरेका बोटहरुलाई पर्याप्त खाना र पानी उपलब्ध भई राम्रो सगँ बढन र हुर्कन मदत पुग्दछ।

**२४. केराको घरी कहिले काट्ने ?**

केराका कोसाहरु गाढा हरियोबाट हल्का गहिरो रंगको र कोणीयवाट गोलो आकारको भएपछि २५-३० से.मी. डाँठ सहित केराको घरी काट्नु पर्दछ।

**२५. केरा खेतीवाट कहिले उत्पादन लिन सकिन्छ ?**

सामान्यतया तराईमा फागुनमा रोपेको केरा विरुवावाट ९-१२ महिना र आषाढमा रोपेको विरुवावाट १२-१५ महिनामा फल लिन सकिन्छ।

**२६. केरा खेतीमा कुन रोगहरु लाग्न सक्छ ?**

केरा खेतीमा टुप्पाको पात गुजमंच्च हुने (बन्ची टप), ओएलाउने (पनमा विल्ट) र पात थोप्ले रोगहरु लाग्न सक्छ।

**२७. केरा खेती गर्दा कुन कुन किराहरु लाग्न सक्छ ?**

केरा खेतीमा ग्वारो, घुन, निलो खपटे र लाही किराहरु लाग्न सक्छ।

**२८. केरा खेतीमा रोग कीराको व्यवस्थापन कसरी गर्ने ?**

केरा बगैंचाको सरसफाई र अन्न व्यवस्थापनमा प्रर्याप्त ध्यान दिन सके रोग किराको आक्रमण कम हुन्छ।

**२९. केराको घरी जोगाउन के गर्नु पर्छ?**

केराको घरीलाई बढी घाम, चिसो, खपटे कौरा र चाराहरु समेतवाट जोगाउनका त्यागि निलो पोलिथीननको थैलोहरुले छोप्नु उपयुक्त हुन्छ । यसरी छोप्दा थैलोहरुको तल्लो भागरमुख खुलाराख्नु पर्दछ। जसले गर्दा घरीमा हावाको संचार सहज रुपमा हुन्छ र धरीमा नोक्सान हुदैन्।

**३०. केराको बुङ्गो कहिले हटाउनु पर्दछ ?**

केराको कोसाहरु राम्रा पसाई सकेपछि केराको बुङ्गो काटेर हटाउनु पर्दछ। जसले गर्दा घरीको तौल ७.५ प्रतिशत बढेको पाईएको छ।

**३१. पसाएको केरालाई नोकसानीवाट बचाउन के गर्नु पर्छ ?**

केराको घरी पसाउन साथ बांसको वा अन्य काठको २ वटा पोलवाई क्रस पारेर टेका दिनु पर्दछ।

**३२. केरा खेतिमा सकरको व्यवस्थापन कसरी गर्नु पर्छ ?**

केराको विरुवा रोपेको ६ महिनासम्म फेदबाट पलाएको सबै सकर र विरुवालाई काटेर हटाउदै गर्नु पर्दछ। त्यस पछि माउ बोटसगं एउटा सकर राख्नु पर्छ र माउबोट फुल्नेरपसाउने बेलामा दोस्रो सकर राख्नु उपयुक्त हुन्छ।

**३३. केराको उत्पादन लिन कति महिना लाग्न सक्छ ?**

केरा खेतीवाट उत्पादन लिनका लागि १२ देखि १५ महिना सम्म लाग्दछ।

**३४. केरा खेतीमा कस्ता अन्तरवाली लगाउन सकिन्छ ?**

केराका विरुवाहरु रोपेपछि शुरुका ३(५ महिना सम्म बीचको खाली जग्गामा बोडी, मास, मुंग साथै भण्टा, खुर्सानी र भिन्डी जस्ता वाली लगाई फाईदा लिनु पर्छ।

**३५. केरा खेतिमा गोडमेल र उकेरा कहिले कहिले गर्नु पर्छ ?**

केराको जरा गहिरो नजाने भएकाले केरा बारीमा आवश्यकतानुसार बर्षको ३-४ पटक हल्का गोडमेल गरी झारपात हटाउनु पर्दछ । आवश्यक परे बर्षायाम अघि विरुवामा माटो चढाउनु पर्दछ।

**३६. केरा खेतिमा सिंचाई कसरी गर्नु पर्छ ?**

केरा खेतिमा सिंचाइको लागी केरा २ वा ४ लाइन (पंक्ती) को बिचमा लाइनको समानान्तर तथा विरुवाहरु भन्दा करिब १०-१५ से.मी टाढा कुलेसोहरु वनाई सिंचाई गर्नु उपयुक्त हुन्छ।

**३७. केरा खेतिमा कहिले २ सिंचाई गर्नु पर्छ ?**

केरा खेतिमा ग्र्मी मौसम (फाल्गुन-जेष्ठ सम्म) मा हप्ताको कम्तिमा १-२ पटक र जाडो मोसममा (कातिक-माघ सम्म) मा १०-१५ दिनको फरकमा सिंचाई गर्नु राम्रो हुन्छ।

**३८. केरा खेतिमा सिंचाई लागी के गर्नु पर्दछ ?**

केराको विरुवा लगाएपछि र मलखनद प्रयोग गरेपछि केरा पसाउने बेलादेखि फलको वृद्धि हुने बेलासम्म सिंचाईको पर्याप्त व्यवस्था मिलाउनु पर्दछ।

**३९. केरा खेतिमा थप मल प्रयोग गर्ने प्रविधी के हो ?**

केरा खेतीमा थप मल प्रयोग गर्दा विरुवाको वरिपरि १ फुट गहिराई र गोलाईको खाल्डो बनाई प्रयोग गर्नु पर्दछ।

**४०. केरा खेतीमा थप मलखादको प्रयोग के कती गर्नु पर्छ ?**

केरा खेतीमा सामान्यतया प्रति विरुवा १०० ग्राम युरिया, ७५ ग्राम डि.ए.यी र १२५ ग्राम पोटास मल विरुवा रोपेको २, ४ र ६ महिनामा गरी बर्षको ३ पटक प्रयोग गर्नु पर्दछ। यसै गरी पछिल्ला बर्षहरुमा पनि मल प्रयोग गर्नु पर्दछ।

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

**के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?**

**त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।**



साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

# एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स

**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

### लैंगिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार ।

आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं।
लैंङ्गिक हिंसाको विरोध गरौं ।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

अनुरोधक : **ऐरावती गाउँपालिका बरौला, प्यूठान**

## लैङ्गिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार

आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

### सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

### सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने भियान सफल पारौं।

अनुरोधक
**झिमरुक गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

### सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं। २०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने भियान सफल पारौं।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान